# प्यूठान नगरपालिकाको संक्षिप्त परिचय

प्यूठान नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत प्यूठान जिल्लामा र हाल ५ नं प्रदेश मा पर्दछ। भौगोलिक हिसाबले यस नगरपालिका राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भागमा ८२ डिग्री ४६' ३०" देखि ८२ डिग्री ५७' ३०" पूर्वी देशान्तर र २८ डिग्री ३' ३०" देखि २८ डिग्री ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ।

२८.९६ वर्ग कि.मि. क्षेत्रफल रहेको यस प्यूठान नगरपालिका उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्धारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी गाउँपालिका र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रही संरचित छ।नेपाल सरकारको निर्णयअनुसार २०७३/११/२० साविकका गाविसहरू प्यूठान न.पा.(४,६—१७,१९), माझकोट जुम्रीकाँडा गा.वि.स. हरू समेटी प्यूठान नगरपालिका घोषणा गरिएको थियो। प्यूठान नगरपालिकाको अधिकतम औषत तापक्रम ३२.० डिग्री सेल्सियस र न्यूनतम औषत तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ। शैक्षिक तर्फ प्रा.वि सङ्ख्या ४५, नि.मा.वि. ८, मावि १२ गरी जम्मा ६५ वटा शिक्षण संस्थाहरू संचालित छन् यस मध्ये १२ निजी र १ शैक्षिक गुठी संस्था रहेका छन्। प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त, मानवीय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरपालिकाबासी यस नगरपालिकाको दिगो विकासका आधार स्तम्भका रूपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी क्षेत्री जाति १३५२९ जना (३२.१%), दोस्रोमा मगर ८,९७७ जना (२१.३० %) र तेस्रोमा पहाडी ब्राम्ह्मण ४८७८ (११.६ % ) हरूको बसोबास रहेको छ। केही भाग ऐतिहासिक तथा शहरी क्षेत्रको रूपमा रहेको नगरपालिकामा  ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत अपनाएका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ। यस नगरपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरपालिकाको शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका÷ नगरपालिकाबाट आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैँ, तिहार, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्ण जन्माष्टमी, बकरइद, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।

**प्यूठान नगरपालिकाको जनसाङ्खिक विवरण**

जनसंख्याको विवरण कुनैपनि स्थानको जनसंख्याविकासको साधन र साध्यदुवैको रूपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानवश्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरपालिका स्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ।

**जनसंख्याको विवरण**

| विवरण | **२०७८** | **प्रतिशत** |
|---|---|---|
| जम्मा जनसंख्या | ४२१३० | १०० |
| पुरुष | १८८७९ | ४४.८ |
| महिला | २३२५१ | ५५.२ |
| लैगिक दर | ८१.२० | |
| जम्मा घर धुरी | ११२३५ | |
| औषत परिवार आकार | ३.७५ प्रति परिवार | |
| ६ बर्ष र सो भन्दामाथिको साक्षरता दर | ८४.५% | |
| जनघनत्व (प्रतिवर्ष कि.मी) | ३२७ | |


स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ माथिको तालिकामा प्यूठान नगरपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार प्यूठान नगरपालिकाको जनसंख्या ४२१३० रहेको छ जस मध्ये पुरुष ४४.८ प्रतिशत (१८८७९ जना) र महिला ५६.२ प्रतिशत (२३२५१ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात ८४.५% अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ८४.५ रहेको छ। जनघनत्व ३२७ जना प्रतिवर्ग किलो मिटर रहेको छ। राष्टिय जनगणना २०७८ अनुसार यस नगरपालिकाका कुल जनसंख्यामध्ये ५१.७५ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४०.११ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ८.१४ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान नगरपालिकामा ११२३५ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०७८ बमोजिम यस नगरपालिकाको कुल जनसंख्यामध्ये ३.३ प्रतिशत (१३८३ जना) अपाङ्गता भएकाहरू रहेका छन्। कुल जनसंख्यामा २.८% महिला तथा ३.९% पुरुषमा अपाङ्गता रहेको छ। नगरपालिका भित्र परिवारको औषतआकार ३.७५ प्रतिशत रहेको छ।

**वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण**


| वडा नं | जम्मा क्षेत्रफल | जम्मा घरधुरी | औषत परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व प्रति वर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|
| १ | १४.९६ | ९२३ | ३६. | ३३२५ | १४२५ | १९०० | २२२२६. |
| २ | १४.८६ | १३३० | ३७४. | ४९७४ | २२०३ | २७७१ | ३३४७२. |
| ३ | १०.६८ | १०७५ | ३७१. | ३९८६ | १७७९ | २२०७ | ३७३२२. |
| ४ | ११.६३ | १९८७ | ३४८. | ६९२१ | ३२४२ | ३६७९ | ५९५१. |
| ५ | २१.५९ | १०६१ | ४१७. | ४४२० | १९३४ | २४८६ | २०४७२. |
| ६ | १२.६७ | ८०२ | ४११. | ३२९५ | १५२३ | १७७२ | २६००६. |
| ७ | ४.९८ | ८०१ | ३७९. | ३०३२ | १३९७ | १६३५ | ६०८८४. |
| ८ | १३.०४ | १५४२ | ३७८. | ५८२५ | २६३३ | ३१९२ | ४४६७. |
| ९ | १३.३५ | ८७७ | ३७६. | ३२९७ | १४५६ | १८४१ | २४६९७. |
| १० | ११.२ | ८३७ | ३६५. | ३०५५ | १२८७ | १७६८ | २७२७७. |
| जम्मा | १२८.९६ | ११२३५ | ३.७५ | ४२१३० | १८८७९ | २३२५१ | ३२६६९. |

स्रोतः राष्ट्रिय जनगणना २०७८





श्रोतः- राष्ट्रिय जनगणना २०७८


## नगरपालिका भित्रका प्रमुख जातजातीहरु (प्रमुख १० जातजाति )



## नगरपालिका भित्र रहेको अपाङ्गता सम्बन्धी विवरण




## नगरपालिका भित्र रहेको धर्महरु वडा अनुसार




भौगोलिक हिसाबले यस नगरपालिका राप्ती अञ्चल, प्यूठान जिल्लाको मध्य भागमा ८२ ० ४६’ ३०” देखि ८२० ५७’ ३०” पूर्वी देशान्तर र २८० ३’ ३०” देखि २८० ११’ उत्तरी अक्षांश सम्म फैलिएर रहेको छ। समुद्री सतहबाट ५४१ मि.देखि २४२६ मि. को उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२८.९६ व.कि.मी. रहेको छ। नगरपालिकाको उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्वारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रहेका छन्। पहाडी क्षेत्रमा

पर्ने नगरपालिकाको ३९.९९ प्रतिशत भूभाग खेतियोग्य जमीनले ओगटेको भएपनि पछिल्ला वर्षहरूमा केही सहरीकरणको प्रभाव, जनसंख्या वृद्धि र बाँझो रहने साथै भू–खण्डीकरण बढेको छ । जंगल तथा जलाधार क्षेत्रको प्रचुरता भएको यस नगरपालिका भएर परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्दछन् । यो प्यूठान नगरपालिका मिती २०७३/११/२२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट प्यूठान नगरपालिका घोषणा भएको हो ।

# खण्ड २: संस्थागत तथा संरचनागत बिकास

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधीकार, बालिग मताधिकारको सुनिश्चितता सहित सबै प्रकारका विभेदहरुको अन्त्यगर्दै आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशि र सहभागितामूलक सिद्धान्तका आधारमा समाजबाद उन्मुख समाज सहितको राष्ट्रको परिकल्पना गरेको छ। संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, भाग १७ मा स्थानीय कार्यपालिका, भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणाली, भाग २० मा संघ, प्रदेश र स्थानीय तहबिच अन्तर सम्बन्ध एबम् अनुसुचि ८ र ९ ले व्यवस्था गरेका प्रावधानहरुको प्रयोग गरी प्युठान नगरपालिका को स्थापना भएको हो।

साविकको प्युठान नगरपालिका नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको घोषणा बमोजिम स्थापना भएको हो।

शुरुमा नगरपालिका गठन हुँदा साविकका खलंगा, विजुवार, धर्मावती, मरन्ठाना, विजयनगर, दाखाक्वाडी र खैरा गाविस मिलेर बनेको थियो। साविक प्युठान नगरपालिकामा १९ वटा वडाहरु रहेका थिए।

स्थानीय तहको पुर्नसंरचना भएपश्चात मिति २०७३ फागुन २६ गतेको नेपाल सरकारको राजपत्रमा प्रकाशित सूचना अनुसार साविक नगरपालिकाका ४, ६–१७, १९ नं. वडा र जुम्रीकाँडा, माझकोट गाविसहरु मिलाएर हालको १० वटा वडाहरु भएको प्युठान नगरपालिका गठन भएको हो।

प्युठान जिल्लाका ९ वटा स्थानीय तहहरु मध्ये प्युठान नगरपालिका एउटा स्थानीय तह हो।

यस नगरपालिकाको क्षेत्रफल १२८.९६ वर्ग कि.मी. रहेको छ। बि.सं. २०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ३८,४४९ रहेको छ।

यसको पुर्वमा झिमरुक गाउँपालिका, पश्चिममा स्वर्गद्धारी नगरपालिका र माण्डवी गाँउपालिका, उत्तरमा नौबहिनी गाँउपालिका र रोल्पा जिल्ला र दक्षिणमा मल्लरानी र माण्डवी गाँउपालिका पर्दछन।

**नगर कार्यपालिकाको कार्यालय स्थापना तथा संचालन**

शुरुमा कार्यालय रहेको स्थान - पाटिचोक खलंगा गा.वि.स भवन

दोश्रो स्थानः- रेडक्रस भवन खलंगा

तेश्रो स्थानः- हालको वडा नं. ७ को भवन

चौथोः- कालिका विकास केन्द्र

आफ्नै भवनमा सरेको - २०७६ बैशाख २ गते देखी

वडा कार्यालयहरुः-

आफ्नै भवनमा बसेका

1. वडा नं. २ , ३, ४,५ ,६,७,९
   जसमध्येः- २ को जि.वि.स बाट हस्तानतरित भवनमा संरचना थप
   ३ को पुरानो गा.वि.स भवन
   ४ को जि.वि.स बाट हस्तानतरित
   ५ को सामुदायीक भवनमा
   ६ को हालको नगरपालिका स्थापना पश्चात निर्माण
   ७ को पुरानो भवन
   ९ को जि.वि.स बाट हस्तानतरित भवनमा संरचना थप
2. वडा १, ८ र १० भाडामा वसेको

**आन्तरिक राजश्वको अवस्था**

**७५.७६ मा 17,389,500**

**७६.७७ मा 2,30,63,101**

**७७.७८ मा**

**नगरसभाबाट विनियोजित वजेट, यथार्थ प्राप्त बजेट र खर्चको अवस्था**

**२०७४/७५ मा 49,80,10,894**

**२०७५/७६ मा 631505882**

**२०७६/७७ को बजेट 72,79,45,206**

**२०७७/०७८ को बजेट ७४७९०२५४० यथार्थ ६७८७४२४०५ खर्च ६९१६०१३५**

**कार्यपालिका**

**प्रथम कार्यपालिका बैठक २०७४ श्रावण ९ गते वसेको**

**जम्मा कार्यपालिका बैठक संख्या - ७९**

**नगरसभा**

**जम्मा नगरसभा - ११**